# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

(खण्ड४७) काठमाडौं, चैत२८गते२०५४साल (अतिरिक्ताङ्क७३ (ख)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

#### सूचना १

श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री सूर्यबहादुर थापाले प्रधानमन्त्रीको पदबाट चढाउनु भएको राजीनामा स्वीकृत गरिबक्सेको र प्रतिनिधि सभामा कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गरेको अवस्था नभएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाका सदस्यहरूको बहुमतको समर्थन र विश्वास प्राप्त गरेको स्पष्ट हुने गरी २०५४ साल चैत ३० गते साँझ १८:०० बजेभित्र जाहेर गर्न प्रतिनिधि सभाका सदस्यलाई आव्हान गरिबक्सेको छ।

#### सूचना २

श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्री सूर्यबहादुर थापाले प्रधानमन्त्रीको पदबाट चढाउनु भएको राजीनामा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वीकृत गरिबक्सेको छ।

साथै मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३६ को उपधारा (७) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म वतमान मन्त्रिपरिषद्लाई कार्य संचालन गरिरहन तोकिबक्सेको छ।